परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष ११ ❑ अंक १ २०७९ श्रावण ८ गते आइतवार Sunday 24, JUL 2022 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-




## राजा धनपालथान धार्मिक तथा ऐतिहासिक पुस्तक गाउँपालिकाको जनप्रतिनिधिहरुद्धारा विमोचन

विराटनगर । प्रदेश १ को मोरंग जिल्लामा रहेको धनपाथान गाउँपालिका वडा नं. ७ कदमहा टोलमा रहेको राजा धनपाल थानको विस्तृत अध्ययन गरी प्रकाशन गरिएको “राजा धनपालथान धार्मिक तथा एतिहासिक अध्ययन २०७९” पुस्तकको गाउँपालिकाका जन प्रतिनिधीहरुद्धारा विमोचन गरिएका छन् ।



उक्त पुस्तकको प्रकाशक क्राईम अपरेशन साप्ताहिक परिवारले शुक्रवार आयोजना गरेको राजा धनपालथान धार्मिक तथा ऐतिहासिक अध्ययन-२०७९ पुस्तक विमोचन एवम् धनपालथान गाउँपालिकाका जनप्रतिनिधीहरुलाई स्वागत तथा सम्मान कार्यक्रमका प्रमुख अतिथी गाउँपालिका अध्यक्ष जिवछ प्रसाद गच्छदार, विशिष्ठ अतिथी उपाध्यक्ष नसिमा बानू र निर्वतमान अध्यक्ष हरिलाल सिंहले संयुक्त रुपमा विरुवामा पानी हालेर समुद्घाटन गरेका थिए ।

सो पुस्तक विमोचनका प्रमुख अतिथी, विशिष्ठ अतिथी लगायत गाउँपालिका वडा नं. १ का अध्यक्ष खाजा हुसेन, वडा नं. २ का वडा अध्यक्ष पंकज कुमार मण्डल, वडा नं. ४ का वडा अध्यक्ष श्रीराम चौधरी, वडा नं. ५ का वडा अध्यक्ष गयानन्द सरदार, वडा नं. ६ का वडा अध्यक्ष महम्मद हुसेन, वडा नं. ७ का वडा अध्यक्ष संतोष कुमार यादवले संयुक्त रुपमा विमोचन गरेका थिए ।

विमोचन कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथीले भने राजा धनपालथान भएकै कारण गाउँपालिकाको नाम धनपालथान राखिएको छ । उक्त स्थानलाई संरक्षण र सम्वर्द्धनको लागि २०१८ देखि नै प्रयास भई रहेको हामी सुन्दै आएको छौ तर विगत केही वर्ष देखि गाउँपालिकाले सो स्थानको विकास निर्माणमा लागि परेको छ । राजा धनपलथानमा भेटिएको सामग्रीहरु कहाँ र कुन अवस्थामा रहेको छ यसको खोजी गरी संरक्षणको लागि समेत पहल गर्ने प्रतिवध्ता जाहेर गरेको थिए । राजा धनपालथानको विस्तृत अध्ययन गरी पुस्तकको रुपमा क्राइम अपरेशन साप्ताहिकले प्रशासन गरी सो स्थानको उजागर गरेकोमा साप्ताहिक परिवारलाई धन्यवाद दिएको थिए ।

त्यसैगरी विशिष्ठ अतिथी गाउँपालिका उपाध्यक्षले राजा धनपालथानको महिमा बारेमा अनेकौ कुराहरु सुन्दै आएका थियौ । तर आज त्यही सुने देखेका कुराहरुलाई लिपीवद्ध गरी पुस्तकको रुपमा प्रकाशन भएकोमा खुशी व्यक्त गर्दै राजा धनपालथानमा प्रयाप्त जग्गा रहेकोले धार्मिक तथा ऐतिहासिक पर्यटक क्षेत्रको रुपमा अगाडी बढाउनु पर्ने धारण राखेका थिए ।

धनपालथान गाउँ पालिकाका निवर्तमान अध्यक्ष हरिलाल सिंहले जुन धार्मिक स्थलको नामबाट गाउँ पालिकाको नाम राखियो त्यसको इतिहासलाई खोज्नु र यसको संरक्षण गर्नु हाम्रो दायित्व रहेको वताउँदै राजा धनपालथानको प्रचार-प्रसार गर्न सकियो भने सो ठाउँलाई पर्यटक स्थलको रुपमा विकास गरी नेपाल भरी चिनाउनु पर्नेमा जोड दिएका थिए ।

राजा धनपालथान संरक्षण

वांकी ३ पेजमा...

## बालिका सकुशल उद्धार, अपहरणमा संलग्न दुई पक्राउ

विराटनगर । मोरङको बिराटनगर महानगरपालिका-१२ रोडषेश चोकबाट अपहरणमा परेकी बुढिगंगा गाउँपालिका-१ का दिपेन यादबको १ बर्षीया छोरी निकिशा यादवको सकुशल उद्धार गर्न प्रहरी सफल भएको छ भने अपहरणमा संग्लग्न २ जनालाई पक्राउ गरी मंगलवार सार्वजनिक गरको छ ।

श्रावण २ गते बिहान ९ बजेको समयमा रोडषेश चोकबाट बालिका अपहरणमा परेकी भन्ने खबर प्राप्त भएसंगै १ नम्बर प्रदेश प्रहरी कार्यालयको च्क्स्त समुहको अनुसन्धान टोली र जिल्ला प्रहरी कार्यालय मोरङको अनुसन्धान टोली अनुसन्धान तथा बालिकाको खोजतलासमा खटिएको थियो ।

१ बर्षीया बालिका अपहरणमा परेको गम्भिर प्रकृतिको घटनालाई तत्काल टेक्निकल बिश्लेशणका आधारमा अनुसन्धान गर्ने क्रममा घटनामा संग्लग्न बिराटनगर महानगरपालिका-६ का २७ बर्षीय रबिन्द्र कुमार साहको संग्लग्नता रहेको खूले संगै साहलाई श्रावण ३ गते पक्राउ गरी थप अनुसन्धान शुरु भएको थियो ।

अनुसन्धानको क्रममा अपहरित बालिका भारतको दरभंगामा रहेको खुले संगै भारतिय प्रहरीको सहयोगमा बालिकालाई सकुशल उद्धार गरिएको तथा अपहरणमा संग्लग्न बिराटनगर-५ कि २७ बर्षीया अनु साहलाई समेत पक्राउ गरीएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

पक्राउ परेका दुबै जना बिच घनिष्ट सम्बन्ध रहेको र केही महिना अगाडि अनु साहको अपहरित बालिकाको बुबा दिपेन यादव संग समेत चिनजान भएको थियो । दुबै जनाको चिनजान र भेटघाटको क्रममा अनु साहले दिपेन यादवलाई छोरी हेर्न मन लागेको भनि बारम्बार छोरी लिएर आउन कर गरे संगै श्रावण २ गते यादवले छोरीलाई लिएर रोडषेस चोकमा आएको थियो ।

पुर्व योजना अनुसार केही बाहाना बनाएर अनुले दिपेनको छोरीलाई लिएर भाग्न सफल भएको अनुसन्धानको क्रममा खुल्न आएको तथा बालिकालाई सोही स्थानमा रहेका रबिन्द्र कुमारको मोटरसाईकलमा हालेर दुहवी,भान्टावारी र राजबिराज हुँदै भारतको कुनौली तर्फ पठाई रबिन्द्र कुमार नेपाल फर्केको

## साढे आठ करोडको सुपारी प्रहरीको नियन्त्रणमा

विराटनगर । सुपारीको व्यपार मौलाई रहको वेला भारत तर्फ लैजादै गरेको अवस्थामा ८ करोड ६३ लाख ८१ हजार ५ सय ६८ रुपियाँ मूल्य पर्ने सुपारी लोड गरिएको भारतीय ट्रक प्रहरीले नियन्त्रणमा लिएको थियो ।

विराटनगर हुँदै भारततर्फ लैजान लागिएको ठूलो परिणामको सुपारी प्रहरीले विहीवार राती नियन्त्रणमा लिएको थियो । बोरामा प्याक गरेर ८ वटा भारतीय ट्रकमा लोड गरिएको सुपारी प्रहरीले विराटनगर महानगरपालिका-१८ बुधनगरबाट नियन्त्रणमा लिएको थियो । सो ट्रकवाट दुई हजार ६ सय ७८ बोरा सुपारी प्रहरीले नियन्त्रणमा लिएको थियो । सुपारीको कुल तौल २ लाख १९ हजार ५ सय ९६ किलोग्राम छ ।

सुपारीको भारतीय मूल्य ५ करोड ३९ लाख ८८ हजार चार सय ८० रुपैयाँ रहेको छ । एकैपटक ठूलो परिणाममा भारत लैजाने तयारी हुँदै गर्दा ट्रकसहित

वांकी ३ पेजमा...


## स्वच्छ खाद्य पदार्थ उपभोगका लाग अनुरोध

- प्याक भएका खाद्य पदार्थहरुको लेवलमा उत्पादन मिति, उपभोग्य मिति, व्याच नं., तौल, उद्योगको नाम ठेगाना आदि हेरेर मात्र उपभोग गरौं ।
- अस्वभाविक रंग भएका रंगीचंगी खाद्य पदार्थ उपभोग नगरौं ।
- खाद्य पदार्थको गुणस्तर सम्वन्धमा कुनै गुनासो भए सम्बन्धित निकायमा जानकारी गराऔं ।
- साथै खाद्य पदार्थ उत्पादक उद्योगले खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयवाट अनुज्ञापत्र लिएपछि मात्र उत्पादन तथा विक्री वितरण गर्ने गरौं ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय विराटनगर
सम्पर्क :- ०२१४७०८२८




## श्रीजनविकास...

६) कुनै पनिकक्षा कोठामा बिजुलीको तार समेतको वायरिंग सम्म नभएकोले तत्काल वायरिंग गरी पंखा जडान गर्नु पर्ने देखिन्छ।

७)बिद्यार्थीहरुको लागि डेस्क, बेन्च, ह्वाईट वोर्ड कार्यालयको लागि फर्निचरहरु अति आवश्यक रहेकोले तत्काल उपलव्ध गराई दिनु पर्ने देखिन्छ।

८) बालकक्षा संचालन रहेपनि बालकक्षालाई चाहिने सामग्रीहरु को तत्काल उपलव्ध गराउनु पर्नेदेखिन्छ।

९) यस विद्यालयको आ.व. २०७६/०७७ र आ.व. २०७७/०७८ को लेखापरिक्षण तत्काल गराउन महानगर शिक्षा बिभाग पहल गर्नु पर्ने। छात्रबृति र खाजाको फर्छौट नभएको कारण के हो ? यसको बारेमा बिशेष चासो राख्नु पर्ने देखिन्छ।

१०) शुन्य व्यालेन्समा विद्यालय संचालन रहेको अवस्थामा यसलाई तुरुन्त पहल हुनु पर्ने देखिन्छ।

११) पुस्तकालय र बिज्ञान प्रयोगशालाको व्यवस्था मिलाउन सम्बन्धीत शाखाले विशेष ध्यानदिनु पर्ने देखिन्छ।

१२) प्राईभेट स्कुलमा अध्यापन गराई रहेको बिद्यार्थीको शुल्क बाँकी रहेको कारण अभिभाबकले सरकारी बिद्यालयमा भर्ना गर्न नसकेको अवस्थाको बारेमा वृहत छलफल गरी निकास निकाल्नु पर्ने देखिन्छ।

अन्तमा महानगर शिक्षा बिभागल गायत सम्बन्धीत सबै निकायले रचनात्मक भुमिका खेलोस् भन्ने बिषय माध्यान आकर्षण गराउन चाहान्छु। लेखक नेकपा (एमाले) महानगर कमिटी बिराटनगरका सह सचिव एवं शिक्षा बिभाग, प्रमुख हुन।




## अस्पतालहरुले...

विमा कार्यक्रमको उपचार सेवा स्थगन गरिएको छ।

सर्वसाधरण जनताको उपचारमा सरकार लापरबाह बन्दा निजी अस्पतालहरुले भटाभट स्वास्थ्य विमाको उपचार सेवा बन्द गर्ने स्थिती बनेको विराट मेडिकल कलेजका सञ्चालक डा.ज्ञानेन्द्रमानसिंह कार्की बताउँछन्। 'स्वास्थ्य बीमाले सर्वसाधरण जनताहरु लाई उपचारमा धेरै सजिलो भएको थियो, तर सरकार जनताको मामिलामा गम्भीर नबन्दा अस्पतालहरुले उपचार रोक्नुपर्ने अवस्था बनेको छ,' डा.कार्की भन्छन्, 'सरकारले विमाको भुक्तानी नदिदा कर्मचारीहरुलाई तलब खुवाउँन सकिएको छैन, कर्मचारीहरुले जागिर छोड्न थालिसके, हामीले बाध्य भएर बीमा उपचार रोक्नु परेको छ।'

यता, बिएण्डसीका सञ्चालक दुर्गा प्रसाई जनताको उपचार सेवा प्रभावित नगरौं भन्दा भन्दै पनि केही उपाय नलागेपछि स्वास्थ्य विमा कार्यक्रमको उपचार बन्द गर्नुपर्ने अवस्था बनेको तर्क गर्छन्। निजी क्षेत्रबाट सञ्चालित पूर्वका तीन ठूला अस्पताल, नोबेल, विराट र बिएण्डसीमा दैनिक हजारौं विरामीले स्वास्थ्य विमा बापत निःशुल्क उपचार गराउँदै आएका थिए। अब, यो सेवा प्रभावित बन्ने भएको हो। स्वास्थ्य बिमा कार्यक्रम बन्द भएपनि शुल्क तिरेर गरिने उपचार सेवा भने सूचारु हुँने अस्पतालहरुले जनाएका छन्।

सरकारले प्रति परिवार बार्षिक ३ हजार ५ सय रुपैयाँ लिएर स्वास्थ्य विमा गरी परिवारका पाँच जना सदस्यलाई बार्षिक १ लाख बराबरको निःशुल्क उपचारको व्यवस्था मिलाउँदै आएको छ। यसबाट सर्वसाधरणले स्वास्थ्य उपचारमा ठूलो राहत महसुस गरेका छन्। स्वास्थ्य विमा बापतको उपचारका लागि सरकारले देशभरका ४५० स्वास्थ्य संस्थासँग सम्झौता गरेको छ। तर, उपचार गरेबापत सरकारले स्वास्थ्य संस्थाहरुलाई दिनुपर्ने भुक्तानी समयमै नदिँदा यो सेवा प्रभावित बन्दै गएको हो।

## राजा धनपाल...

तथा विकास समितिको अध्यक्ष संजय कुमार सिंहले समिति गठन भएपनि समितिले सोचे जस्तो काम गर्न नसकेको स्वीकार गर्दै तथापी केही निर्माण कार्य, हटिया लगाउने कार्य, सो ठाउँको प्रचार-प्रसारको लागि खेलकुद गराउने कार्य भएको छ। यस स्थानको विकास र सम्वर्द्धन गर्न वादविवाद नगरी, एकता भई अगाडी वढ्नु पर्ने विचार औल्याएका थिए।

सोही अवसरका आयोजकले धनपालथान गाउँपालिका जनप्रतिनिधीहरुलाई मायाको चिनो प्रदान गरी सम्मान समेत गरेका थिए।

राजा धनपालथानको धार्मिक र ऐतिहासिक बिषयमा खोज अनुसन्धान गरी लेखिएको ५७ पेजको पुस्तकमा धनपालथानको पृष्ठभूमि, राजा धनपाल को हुन ?, ऐतिहासिक संरचना, पोखरी खन्दा भेटिएका सामग्री, मेलापर्व हटिया, पूजापाठको विधी, बसोवास गरिरहेका जातजातिहरु, राजा धनपालथान उत्थानका लागि भएको प्रयास, राजा धनपालथानका स्थानीयको पेशा, धनपालथान गाउँपालिका संक्षिप्त जानकारी, विभिन्न महानुभावको धारणा र भनाई, राजा धनपालथान सम्म पुग्न धनपालको प्रचार प्रसारको लागि भएको क्रियाकलाप, पर्यटकीय सम्भाव्यता र अवसर, चुनौति र समस्यहरु, निष्कर्ष, मोरंगका प्रमुख धार्मिक तथा ऐतिहासिक स्थलहरु, धनपाल थान पालिका बनेपछिको स्थानीय जनप्रतिनिहरुको नामावली, धनपालथान उत्थानका लागि गठित समिति, राजा धनपालथान संरक्षण तथा विकास समतिको वर्तमान नेतृत्व र सन्दर्भ सामग्री राखिएको छ।

पुस्तकको वारेमा पुस्तकको व्यवस्थापक हिरालाल साहले चर्चा गरेका थिए भने कार्यक्रम संचालन विरेन्द्र कुमार साहले गरेका थिए। कार्यक्रम पुस्तकका लेखक/ सम्पादक श्याम सन्दर सुतिहारको अध्यक्षतामा सम्पन्न भएको थियो।

## बालिका...

समेत अनुसन्धानको क्रममा खूल्न आएको छ।

अन्य थप अनुसन्धान भईरहेकोजिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।

## सार्वजनिक सूचना

आ-आफ्नो क्षेत्रमा भएका सामाजिक घटना (जन्म, मृत्यु, विवाह, बसाई-सराई, सम्बन्ध विच्छेद आदि) नजिकको पकिाधिकारीको कार्याळय (गाउँपाळिका वा तोकिएको वडा कार्याळयहरु) मा दर्ता गराई कानुनी मान्यता प्राप्त गरौं। स्थानीय निकायळाई अभिळेख दुरुस्त राख्न सहयोग गरी नागरिकको दायित्व पूरा गरौं।

ग्रामथान गाउँपालिकाको कार्यालय मोरंग, प्रदेश १

## साढे ८ करोड...

सुपारी नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको थियो।

प्रहरीले सुपारी लोड गरिएको युपी ४५ टी १६२४, एमपी ०९ एचजी ८३२०, एमपी २२ एच १०३१, युपी ५० बिटी ७२७७, युपी ६२ बिटी ८१२१, युपी ५४ टी ६४२९, युपी ५० एटी ३१५८ र युपी ६२ सिटी ०६२७ नम्बरका ट्रक नियन्त्रण मा लिएको हो।

प्रहरी स्रोतका अनुसार तेस्रो मुलुकबाट आयात गरिएको सुपारी नेपालकै उत्पादन देखाउँदै तस्करी गरेर भारततर्फ लैजाने गरिएको छ। ठूलो परिणामको सुपारी नेपालको उत्पादन नभएको र तेस्रो मुलुकबाट आयात गरेर भारत लैजान लागिएको हुनसक्ने भन्दै सीमा क्षेत्रका बासिन्दाले सूचना दिएपछि प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धानको दायरामा ल्याएको हो।

भारतले नेपाल बाहेकका मुलुकबाट सुपारीको आयातमा प्रतिबन्ध गरेको छ। तर इन्डोनेसिया, थाइल्यान्ड, मलेसियालगायतका मुलुकबाट नेपालमा आयात गरेर खुला सीमाको फाइदा उठाउँदै तस्करीमार्फत भारत पुर्याउने काम केही व्यपारीहरुले गर्दै आएको छ। ठूलो परिणामको सुपारी प्रहरीले नियन्त्रमा लिएपछि सुपारी व्यपारीलाई ठूलो धक्का लागेको छ।

## विज्ञापन आचारसंहिताको पालन गरौं

- विज्ञापन क्षेत्रलाई स्वाच्छ, पारदर्शी, मार्यादित र प्रतिष्पर्धी बनाउन विज्ञापन आचार संहिता जारी भएको छ।
- विज्ञापन आचार संहिता विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमलाई लागु हुन्छ।
- विज्ञापन आचारसंहिता पालना गरौं र गराऔं।

विज्ञापन व्यवसायीलाई स्वच्छ र मर्यादित बनाऔं।

नेपाल सरकार, विज्ञापन बोर्ड

## अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौं।

### हाम्रो सेवाहरु :-

★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
★ जनरल फिजिसियन सेवा
★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
★ Minor & Major surgery सेवा
★ Laparoscopic surgery (दुरवीन द्धारा अप्रेशन) सेवा
★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
★ 24 Hours Emergency सेवा
★ विशेष डाक्टरहरु द्धारा ओ.पि.डी. सेवा
★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
★ इनफर्टिलिटी क्लिनिक सेवा
★ **X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# प्रदेश १ को नाम टुँगो लगाऔं

नेपालमा संघियल लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि सातवटा प्रदेशमा विभाजन गरीएको प्रदेशहरुका नाम १, २, ३, ४, ५, ६ र ७ अकंमा राखिएको थियो । जस मध्ये २ देखि ६ नम्वरका प्रदेशहरुले आ-आफ्नो प्रदेशको नामाकरण प्रदेश सभावाट गरी सकेको छ । प्रदेश नं. १ मात्र नामाकरण हुन वांकी रहेको छ । प्रदेश नं. १ का मुख्य मन्त्रीले आउँदो १५ गते पछि छलफल गरी प्रदेशको नामाकरण गर्ने भनिएको छ । तर प्रदेश १ नामाकरण धेरै नै जटिल हुँदै गई रहेको छ भने नामकै लागि प्रदेश १ मा ज्ञापनपत्र बुझाउने, मुख्यमन्त्री कार्यालय घेराउ गर्ने, प्रदेश सभा घेराउ गर्ने, सोसल मिडियामा नाम राखी प्रचार प्रसार गर्ने कामहरु भई रहेको छ । प्रदेश सभामा पाँच दलिय गठवन्धन र एमाले पार्टी भित्रै नामको लागि एक मत भई रहेको छैन । प्रदेशको नाम राख्न पनि राजनीतिक जोड घटाउ दलहरुले गरी रहेका छन् ।

प्रदेश १ को नाम विभिन्न कोणहरुवाट कोशी प्रदेश, मेची प्रदेश, लिम्वुवान प्रदेश, किराँत प्रदेश, विराट प्रदेश, हिपमत प्रदेश लगायत नाम आई रहेको वेला किरात लिम्वुवान प्रदेश नाम राख्नु पर्ने भन्दै आन्दोलन भई रहको छ । जाति विषेश, भाषा विषेश नाम राख्नु भन्दा पनि सबैले मान्य हुने गरी नामराख्न पर्छ । प्रदेशको नामाकरणलाई दिन प्रतिदिन पेचिलो वनाउँदै राजनीतिकरण भई रहेको छ । हिमाल, पहाड, मधेश, तराई मिलाएर हिपमत प्रदेश नाम एकदम उपयुक्त हुन्छ । यसमा नत पहाड रिसाउँछ, नत हिमाल, नत तराई, नत मधेश वा सगरमाथ प्रदेश, विराट प्रदेश नाम राख्नु उत्तम हुन्छ । प्रदेश १ को नाम जे राख्दा पनि हुने हो तर प्रदेशले जनतामा प्रवाह गर्ने सेवा सुविधाहरु १ नं. नै हुनु पर्छ ।

७ बटा प्रदेश मध्ये २ देखि ७ सम्मले सुदुर पश्चिम प्रदेश, कर्णाली प्रदेश, गण्डकी प्रदेश, लुम्वनी प्रदेश, वागमती प्रदेश, मधेश प्रदेश नामाकरण गरि सकेको छ । प्रदेश १ भनेता पानि प्रदेशको नामाकरणको मामिलामा सवभन्दा पछाडीका प्रदेश हुने भएको छ । त्यसैले चाडो भन्दा चाडो प्रदेशका नाम टुंगो लगाउन जरुरी छ । प्रदेशको नाम प्रदेश सभाले गर्न सकेन भने प्रदेश साँसदहरुको योग्यता र क्षमता माथि प्रश्न उठ्न स्वाभाविक नै हुन्छ । त्यसैले प्रदेशका नामाकरण टुगो लगाएर अन्य विकास निर्माण गर्न तिर लाग्न जरुरी छ ।

## साप्ताहिक राशिफल

**मेष** (**चु, चे, चो**, ला, लि, लु, ले, लो, अ) : **दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोरञ्जन र भ्रमणको योग छ ।**

**वृष** (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : **वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन** (**क, कि, कु, घ, ङ, छ, के, को**, ह) : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ । इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट** (**हि, हु, हे, हो, डा, डि, डु, डे, डो**) : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह** (**मा, मि, मु, मे, मो, टा, टि, टु, टे**) : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईंकै हुने छ ।

**कन्या** (**टो, प, पी, पू, ष, ण, ठ, पे, पो**) : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ ।

**तुला** (**रा, री, रु, रे, रो, ता, ती, तु, ते**) :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक** (**तो, ना, नि, नू, ने, नो, या, यि, यू**) : **बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ । मित्रहरको सहयोग राम्रो रहने छ ।

**धनु** (**यो, भा, भी, भू, ध, फा, ढ, भे**) : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ । व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ ।

**मकर** (**भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी**) : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ ।

**कुम्भ** (गु, गे, गो, सा, सी, सु, से, सो, द) :**सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला । भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन** (**दी, दु, थ, झ, ञ, दे, दो, च, ची**) : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईंकै हुने छ ।

# खराब को हुन् जनता कि नेता ?

ललित कुमार यादव

नेपालमा नेता धेरै छन् तर असल नेताको खोज जारी नै रहेको छ। राजनीतिक दलमा आबध्द हुने र पद पाउने र चुनाव जिते पछि नेता हुने हाम्रो चलन नै भैसकेको छ।तर समाजको अगुवाई गर्ने, जनतालाई संगठित गर्ने र सामुहीक (समुदायको) मुद्दाको नेतृत्व गर्नेलाई खासमा नेता मान्नु पर्ने हो ।

हाम्रो देशमा यस्तो भइरहेको छैन्। नेताले समाजको उत्तरदायित्व लिनु पर्छ ।तर हाम्रो देशको राजनीतिक दलका नेता भनिएका वा दलका नेतृत्वकर्ता कसैले न त जनविश्वास जित्न सकेका छन् , न समाजको उत्तरदायित्व लिन सकेका छन् । सबै आफ्ना स्वार्थ पुर्ति गर्ने चक्करमा छन् , देश र समाजको स्वार्थले कसैलाई आकर्षित गरेको देखिदैन् ।

पार्टिहरूमा नीति भन्दा नेता हाबि छन् भने देश कानुन, विधि, विधान, प्रक्रिया र पध्दतिमा चलेको आम जनताले विश्वास नै गर्न सकेका छैनन्। राजनीतिक दल र तिनका नेताहरूको व्यवहार र कार्यशैलीकै कारण उनीहरू आम जनताको शंकाको घेरामा पर्ने गरेका छन्।जबकी उनीहरूको आफ्ना व्यवहार र कार्यशैलीले सिङ्गो सामाजलाई नै प्रभाबित पारेर समाजमा सकारात्मक परिवर्तन ल्याउन सक्नु पर्ने हो। तर ठ्याक्कै यसको विपरित राजनीतिक दल र तिना नेताहरूको व्यवहार र कार्यशैली रहेका छन् ।

अहिले पनि हामी जो कोहीले एटा बुढो मान्छे जसले ठूलो सिसा भएको चश्मा लगाएको र हातमा लाठी लिएको तस्विर देख्ने वितिकै महात्मा गांधीलाई सम्झिने गरेका छौं। अर्को एउटा बुढो मान्छे जसको एउटा हातमा सुराही, काखीमा छाता च्यापेको र अर्को हातमा टिनको बाकस बोकेको तस्विर देख्ने वितिकै किसुनजी अर्थात कृष्ण प्रसाद भट्टराईलाई सम्झिने गरेका छौं। त्यसतै जनताको बहुदलीय जनवादको कुरा उठ्नसाथ मदन भण्डारीलाई सम्झिने गरेका छौं ।

लेलिनले सबैभन्दा पहिला संसारमा स्थापित गरेको सोभियत समाजवाद असफल भएर विश्व कम्यूनिष्ट आन्दोलनले गम्भीर धक्का खाएको बेलामा पनि माक्रसवादको सिर्जनात्मक प्रयोग गर्दै नेपालमा जनताको बहुदलीय जनवादको सिद्धान्त प्रतिपादन गरे भण्डारीले। मदन भण्डारीलाई जनताको मन मष्तिष्कमा वस्न प्रधानमन्त्री र मन्त्री हुनु परेन। उनको विचारले नै स्थापित गरी दियो ।

अहिले पनि एमालेजन मदन भण्डारीको कार्यकर्ता हुनुमा र काँग्रेसजन बि.पि. को कार्यकर्ता हुनुमा गर्व गर्ने गरेका छन्। यसो भनिरहँदा अहिलेका नेताहरूले पनि महात्मा गांधी र किसुनजी जस्तै जिवनशैली अपनाउनु पर्ने कुरा कदापि भन्न खोजिएको होईन। केवल नेताको जिवनशैली समाजको लागि उदाहरणिय र समाजमा सजिलै पच्ने खालको हुनु पर्छ , अहिलेका नेताहरू जस्तो समाजले पचाउनै नसक्ने र आफ्नै धारातल बिर्सेको खालको हुनु भएन भनेर भन्न मात्र खोजेको हो ।

निष्ठा, ईमन्दारिता, देश र जनताप्रतिको लगाव र दुरदर्शिता उनीहरूकै जस्तो हुनु पर्ने कुरालाई संकेत गर्न मात्र खोजिएको हो।आफ्नै आदर्श पुरूषले सिकाएका कुराहरू अहिलेका नेताहरूले बिर्सेकोमा सम्झाई दिन मात्र खोजेको हो ।

त्यागी र लौह पुरूष मानिएका २०४६ सालको जनआन्दोलनको सर्वोच्च कमाण्डर गणेशमान सिंहले सार्वजनिक रूपमै नेपाली जनतालाई भेडा भनेका थिए। उनको यो अभिव्यक्तिमा धेरै आक्रोश र केही मात्रामा यथार्थ पनि मिश्रित थियो।२०४६ सालको जनआन्दोलनबाट प्रजातन्त्रको पुन:स्थापनापछि भएको आमनिर्वाचनमा असल उम्मेदवारलाई जनताले पराजित गरेको अनुभव गरेर उनले यो अभिव्यक्ति दिएका थिए ।

उनको यो अभिव्यक्तिमा आफ्नी श्रीमती र पुत्रको पराजयलाई पचाउन नसकेको आक्रोश धेरै मात्रामा थियो भने सन्त नेता कृष्णप्रसाद भट्टराईलाई जनताले पराजित गरेर असल उम्मेदवारलाई पराजित गरी दिएको यथार्थ पनि केही मात्रामा थियो । कुनैबेला जनताले नानीमैयाँ दाहाल जस्तो अराजक प्रवृतिका नेतालाई अत्याधिक मतले चुनाव जिताएका थिए ।

कृष्णप्रसाद भट्टराई जस्ता त्यागी, सन्त, विद्वान र अन्तर्राष्ट्रिय उचाई भएका नेता चुनावमा पराजित हुनु परेको कारणले गणेशमानले आवेगमा आएर नेपाली जनतालाई भेडा भनिदिए। तयसयता जनताको साथ पाए सम्म जनतालाई क्रान्तिकारी देख्ने, तर आफ्ना स्वार्थ विपरित लागेको अनुभुति हुन साथ तिनै जनतालाई भेडा देख्ने नेताको नियति नै बनिसकेको छ ।

राजा वीरेन्द्रले प्रधानमन्त्री बन्न गरेको आग्रह अस्विकार गरेर त्यागी नेताको पहिचान बनाएका गणेशमान सिंहले नेपाली जनतालाई भेडाको पदवी दिए भने अहिलेका हाम्रा नेताहरूले जनतालाई के के पदवी दिन सक्छन् त्यो सजिलै अनुमान लगाउन सकिन्छ । अहिलेका नेताहरूमा त्यागको भावना रतीभर पनि छैन्। न त यिनीहरूको नीति राम्रो छ, न नियत नै साफ छ ।

२०७८ साल दलहरूको लागि महाधिवेशनको वर्षको रूपमा रहयो।२०७८ सालमा महाधिवेशन गरेका दलहरूमध्ये राप्रपा वाहेक कुनै दलको नेतृत्व परिवर्तन भएन।राप्रपा अध्यक्षमा हारेका पूर्व अध्यक्ष कमल थापाले आफुलाई राजाले हराएको आरोप लगाउदै राजतन्त्रको मुद्दा छोडदै राप्रपा छोडेर राप्रपा नेपालको अध्यक्ष भए। यसले नै नेताहरूमा कतिसम्मको पद लोलुपता रहेको संकेत गर्छ ।

नेतृत्व परिवर्तनको विषयले निकै चर्चा पाएको काँग्रेसको १४ औं महाधिवेशनको उदघाटन सत्रमा राप्रपाका नवनिर्वाचित अध्यक्ष राजेन्द्र लिङदेनको अभिब्क्तिले निकै चर्चा पायो। उक्त समारोहमा उनले नेता गाउँमा जाँदा जनताले अचेल नेतालाई कुन चाहिँ चोर आएछ भन्छन भनेर अभिव्यक्ति दिएका थिए ।

उनले जे कारणले पनि यो अभिव्यक्ति दिएको भएपनि नेताहरूले आफुहरूप्रति घटदै गएको जनविश्वास र आकर्षणको यथार्थ र त्यसो हुनुमा आफ्नै व्यवहार र कार्यशैली कारक रहेको मनन गर्न सक्नु पर्थ्यो । तर सोही समारोहमा उनीपछि बोलेका अन्य दलका नेताहरूले उनको अभिव्यक्तिको प्रतिवाद गरे।समाजिक सञ्जालमा समेत ब्यापक चर्चा पाएको लिङ्देनको यस अभिव्यक्तिकले समर्थन र बिरोध दुवैको सामना गर्नु पर्यो ।

उनीपछि बोलेका नेकपा ( माओवादी केन्द्र) का अध्यक्ष प्रचण्डले तानाशाही जन्माउनका लागि लोकतान्त्रिक दल र नेताहरूलाई बदनाम गराउन खोजिएको आरोप लगाउन भ्याए। नेताहरू आए भने अहिले देशमा गाउँघरमा चोर आयो भन्छन् जनताले, के यो साँचो हो त साथीहरू? भनेर प्रचण्डले मञ्चबाट काँग्रेस नेता-कार्यकर्तालाई प्रश्न गरे।प्रचण्डको अपेक्षा विपरित मासले हो भनिदिए ।

प्रचण्डले होईन, यो गलत हो, भने तर मासबाट फेरि पनि हो नै जवाफ आयो।नेकपा (एमाले) अध्यक्ष ओलीले भर्खर भर्खर को बाच्छो हिँड्न जान्दैन अलि बढी कुद्छ भनेर टिप्पणी गरे र भर्खर भर्खर अध्यक्षमा चुनिएको राप ताप को संज्ञा दिए। एकीकृत समाजवादीका अध्यक्ष नेपालले अब प्रतिगमनहरू नसल्बलाए हुन्छ। लक्षण राम्रो नदेखिएको भनेर चेतावनी नै दिए ।

यसले नेताहरू गाउँघरमा के भईरहेको छ र लिङ्देनको अभिव्यक्तिमा सत्यता छ की छैन् भनेर बुझ्नै नखोजेको संकेत गर्यो।नेताहरू भुईमान्छेको कुरा सुन्दै नसुन्ने गरेको र गणेश प्रवृति भएकाहरूका कुरा मात्र पत्याउने गरेको प्रष्ट भयो।साँघुरो घेरामा रहेर कोही कसरी राज्यको नेतृत्व गर्न सक्छन् ।

दल र नेताहरूले भुईको आवाज सुन्न नसकेकै कारण आफ्ना व्यवहार र कार्यशैलीमा सुधार गर्न नसकेका जस्तो लाग्यो। दल र नेताहरू आफुहरू सच्चिनु पर्ने अवस्थाको महसुश समेत गरेका देखिएनन्।सो समारोहमा लिङ्देनले जोड दिएका अन्य कुरामा कुनै नेताले ध्ययान समेत दिएनन्।नेताहरू सुध्रिनु पर्ने र सुधार गर्नु पर्ने विषयहरू समेत उनले उठाएका थिए ।

तर सुध्रिन र सुधार गर्ने तर्फ कुनै पनि नेता गम्भिर भएन। सबै नेता चोर शब्दकै पछि लाग्यो।सबै नेता चोर नै हुन भनेर पक्कै पनि लिङ्देनले भनेका होईनन् होला। आमजनतामा नेताप्रति रहेको धारणा र आक्रोसको रूपमा नेताहरूले लिङ्दनको सो अभिब्यक्तिलाई लिनु पर्थ्यो। सायद लिङ्देनको सो अभिब्यक्तिको सत्यता पनि यो नै हो ।

जनताबिनाको नेता हुदैन्। अर्थात जनताले नै नेता पैदा गर्ने हो। जनता र सामाजलाई सही बाटो देखाईदिन र नेतृत्व गर्न नेता चाहिन्छ। नेता असल भए जनता र समुदायले असल नेतृत्व पाउछ र प्रगतिको पथमा अगाडी बढछन्। नेता खराब भए जनता र समुदायकै दुर्गति हुन्छ। कतिपयले जनता खराब भएर नेता खराब भएको भन्ने गरेका पनि सुनिन्छ। जनताको चेतनास्तर अनुसारको नेता पैदा हुने गर्छ।जनताको चेतनास्तर राम्रो भयो भने नेता असल नभई सुखै पाउदैन्।यो पनि सही हो । तर के सही होईन भने जनता खराब भएकै कारण नेता खराब भयो ।

जनतालाई चेतना र सचेतना दिने काम राजनीतिक दल र नेताकै हो। जनता र समुदायको चेतनास्तर नउठाई कुनै असल नेताले आफ्नो लक्ष्य प्राप्त गर्न सक्दैनन् । असल नेता आफु सफल हुनैका लागि भएपनि जनता र समुदायको चेतना स्तरलाई असल बनाउनै पर्छ।खराब नेता मात्र जनता र समुदायमा चेतनाको विकास नहोस भन्ने चाहना राखेका हुन्छन्। किनकी उनीहरूलाई राम्रोसँग थाह हुन्छ कि जनतामा चेतना आयो भने आफ्नो सारा खेल समाप्त हुन्छ ।

तसर्थ असल नेता जनतामा चेतनाको विकास होस भने चाहना राखेका हुन्छन् र त्यसको लागि सक्दो प्रयास गर्ने गरेको पनि देखिन्छ, भने खराब नेता जनतामा चेतनाको विकास होस् भनेर सोच्नै सक्दैनन्। बरू जनतालाई अल्छी, बेईमान, लोभि र पापि बनाएर आफ्ना निजि स्वार्थ पुरा गर्ने दाउमा हुन्छन्।

नेताले आफ्ना दलका हरेक सदस्य र समुदायका साथ लिन सक्नु पर्छ। उनीहरूको क्षमताको उचित र उच्चतम प्रयोग गर्न सक्नु पर्छ।हरेक परिस्थितिको सामना गर्दै आफ्नो लक्ष्य प्रप्त गर्नु पर्छ।नेताले आफ्नो लक्ष्य प्राप्त गर्न जनतासँग मिलेरै प्रयास गर्नु पर्छ। नभए उसले लक्ष्य प्राप्त गर्न सक्दैनन्। अब भन्नुहोस जनता खराब भएर नेता खराब भएको हो कि नेता आफु असल नभएर जनतालाई खराब बनाई राखेका हुन् ? अर्थात खराब को हुन् , जनता कि नेता ? यो प्रश्न आमपाठकहरूकै लागि छोडन चाहन्छु । मधेशवाणीबाट

# अस्पतालहरुले बन्द गर्दै स्वास्थय विमा उपचार

विराटनगर । स्वास्थ्य बिमामार्फत विरामीको उपचार गरेबापत सरकारले अस्पताल हरुलाई भुक्तानी गर्नुपर्ने रकम महिनौंसम्म नदिएपछि पूर्वी नेपालका ठूला निजी अस्पताल हरुले सोमबारबाट स्वास्थ्य विमा बापतको उपचार सेवा बन्द गर्ने भएका छन् ।

विराटनगरस्थित नोबेल शिक्षण अस्पताल, मोरङको बुढिगंगास्थित विराट मेडिकल कलेज र झापाको विर्तामोडस्थित बीएण्डसी अस्पतालले एकैसाथ स्वास्थ्य बिमा कार्यक्रम बन्द गर्ने निर्णय गरेका हुन् । तीन वटै अस्पतालले विमा कार्यक्रम बन्द गर्ने भन्दै आइतवार सूचना जारी गरेका छन् । आइतवार राती १२ बजेबाट विमा मार्फतको उपचार सेवा बन्द गरिने अस्पतालहरुले जनाएका छन् । स्वास्थ्य विमा कार्यक्रममार्फत विरामीको नि:शुल्क उपचार गरेबापत स्वास्थ्य विमा बोर्डले यी तीन अस्पताललाई १ अर्ब ४५ करोड रकम भुक्तानी गर्न बाँकी छ । नोबेलको ५५ करोड, विराटको ४६ करोड र बीएण्डसीको ४४ करोड रकम स्वास्थ्य बीमा बोर्डले भुक्तानी गरेको छैन ।

सरकारले अस्पतालहरुलाई बीमा मार्फत उपचार गर्न लगाएर करोडौं रकम भुक्तानी नदिएपछि बाध्य भएर स्वास्थ्य बिमाको उपचार सेवा बन्द गर्नु परेको नोबेल अस्पतालका सञ्चालक डा.सुनिल शर्माले बताए । 'सरकारले करोडौं रकम महिनौंसम्म भुक्तानी नदिदा अस्पतालहरु धरासायी बन्दै गएका छन्, कर्मचारीहरुलाई समयमै तलब खुवाउँन सकिएको छैन, अन्य भुक्तानीहरु रोकिएका छन्, उपचार सेवा नै प्रभावित हुँने अवस्था बनिसकेको छ,' डा.शर्माले भने, 'सरकार यो बिषयमा गम्भीर बनेन, अरु उपाय नलागेपछि हामीले बाध्य भएर बीमा बापतको उपचार रोक्ने निर्णय लिएका छौं ।

आर्थिक बर्ष २०७९/८० को बजेट वक्तब्यमा २०७९ साउन १ गतेबाट सरकारी तथा सामुदायिक स्वास्थ्य प्रदायक संस्थाबाट मात्रै स्वास्थ्य विमा कार्यक्रम उपलब्ध गराउँने भनिएको थियो । तर, त्यसपछि अस्पतालहरुलाई कुनै आधिकारीक कुरा नआएकाले अब स्वास्थ्य विमा बापत उपचार गर्दा त्यसको भुक्तानी प्राप्त हुँने वा नहुँने अन्यौल भएकाले पनि विमा कार्यक्रम बन्द गर्नु परेको डा.शर्मा बताउँछन् । बाध्य भएर स्वास्थ्य विमा कार्यक्रम बन्द गर्नु परेको भन्दै नोबेलले आइतवार स्वास्थ्य बीमा बोर्डलाई पनि पत्र पठाएको छ ।

'बीमा क्लेम अनुसारको रकम समयमा प्राप्त नहुँदा अस्पतालले आर्थिक व्यवस्थापन मा ठूलो कठिनाइ भोग्दै आइरहेको छ । कर्मचारीको तलब, बिभिन्न सप्लायर्सहरुको वाँकी वक्यौता, बैंकको ऋणको किस्ता तथा व्याज, राज्यलाई भुक्तानी गर्नुपर्ने कर लगायत समयमा भुक्तानी गर्न समस्या भएको छ,' नोबेलले स्वास्थ्य बीमा बोर्डको विराटनगरस्थित प्रदेश कार्यालयलाई पठाएको पत्रमा भनिएको छ, 'बीमा क्लेम बापतको भुक्तानी नभएसम्म र सरकारले नीजि स्वास्थ्य संस्थाबाट पनि स्वास्थ्य बीमा कार्यक्रम प्रदान गर्ने निस्चित नगरेसम्म स्वास्थ्य

वांकी ३ पेजमा...


## सार्वजनिक सूचना

आ-आफ्नो क्षेत्रमा भएका सामाजिक घटना (जन्म, मृत्यु, विवाह, बसाई-सराई, सम्बन्ध विच्छेद आदि) नजिकको पकिाधिकारीको कार्याळ्य (गाउँपाळिका वा तोकिएको वडा कार्याळ्यहरु) मा दर्ता गराई कानुनी मान्यता प्राप्त गरौं। स्थानीय निकायळाई अभिळेख दुरुस्त राख्न सहयोग गरी नागरिकको दायित्व पूरा गरौं ।

कटहरी गाउँपालिकाको कार्यालय कटहरी, मोरंग, प्रदेश १


# श्रीजनविकास माध्यमिक विद्यालय विराटनगरमा विद्यार्थी संख्या न्यून किन ?

जय प्रकाश महतो



बिद्यायलयको परिचय :- बिराटनगरको दक्षिण भेगमा मजदुरहरुले बसोवास गरेको क्षेत्र हुन् । यसै क्षेत्रमा नेपालको राजनीति सत्ता परिवर्तनको लागि मजदुरहरुको माध्यमबाट मजदुर आन्दोलनको शुरुवात गरिन्थ्यो । यस क्षेत्रलाई मिल्स एरिया रानी बिराटनगर भनिन्छ । यस भुगोलको भूमिहीन वर्ग, मजदुर, भंसार मजदुर, विपन्न समुदायको छोरा छोरीहरुको उच्च शिक्षाको लागि वि.स. २०११ सालमा श्री जन बिकास प्राथमिक विद्यालयको स्थापना ३ कठ्ठा १९ घुरजग्गा हाल बिराटनगर महानगरपालिका वडा नं. १५ मा गऱ्यो । वि.स. २०१३ सालमा श्री ५ को सरकार शिक्षा विभागबाट स्वीकृत प्राप्तभई हर्ष उल्लास तथा उत्साहका साथ कक्षाहरु संचालन हुन थाल्यो ।

| क.स | कक्षा | विक्रम सम्वत |
|---|---|---|
| १. | कक्षाको शुरुवात | २०११ |
| २. | प्राथमिक विद्यालय स्वीकृत | २०१३ |
| ३. | निम्न माध्यमिक विद्यालय स्वीकृत | २०३४ |
| ४. | कक्षा ८ संचालन (निजी) | २०४६ |
| ५. | कक्षा ९ संचालन (निजी) | २०४९ |
| ६. | कक्षा १० संचालन(निजी) | २०५० |
| ७. | माध्यमिक विद्यालय स्वीकृत | २०५२ |
| ८. | +२, व्यवस्थापन र शिक्षा स्वीकृत | २०६७ |

स्थानियबासीको अथाह माया र सहयोगको कारण दिन प्रतिदिन बिद्यार्थीको संख्या बढदै गएको थियो । तर केहीवर्ष यताको अवस्था सन्तोषजनक नरहेको स्थानिय वासीको भनाई रहेको छ ।

अहिले सो विद्यालयमा सर्स्फुत बिद्यार्थी भर्ना भईरहेको छैन् किन ? बालकक्षा देखी कक्षा ७ सम्म थोरै विद्यार्थी संख्याको बारेमा किन व्यवस्थापन र अभिभावक समितिको ध्यान पुगेन् ? सो विद्यालयको शैक्षिक गुणस्तर घटनुको मुख्य कारण के के हुन् ? यसको बारेमा बृहत छलफल र अनुसन्धान गर्नु पर्ने देखिन्छ । के यहाँको शिक्षक र प्रशासन जिम्मेबार हुन् ? वा यस विद्यालयको व्यवस्थापन र अभिभावक समिति ? बिगत ५ वर्षको तथ्यांकलाई अध्ययन गर्ने हो भने २०७४ सालमा पहिलो स्थानिय चुनावबाट जितेका स्थानिय जनप्रतिनिधिहरुले शैक्षिक गुणस्तर सुधार गर्न किनपहल गरेन् ? किनमजदुर, विपन्नको छोराछोरीहरु सरकारी स्कुलमा आधुनिक स्तरको शिक्षा हासिल गर्न सकेन् ? बि.स. २०११ सालमा स्थापना भएको स्कुलले आफनो लक्ष्य पुरा गर्न किन असफल भए ? बिराटनगरको धरोहरको रुपमा स्थापना भएको विद्यालयको अवस्था यस्तो किन ?

मोरंग जिल्ला क्षेत्र नं. ५ को संघ सांसद माननीय शिवकुमार मंडल नेकपा (माओवादी केन्द्र) को केन्द्रीय सदस्य, पोलिटव्योरो सदस्य र पुर्व मन्त्री हुनुको साथै प्रभावशाली नेता पनि हुन् । तर पनि सो विद्यालयको गुणस्तर नबढनुको कारण के ? अर्को मोरंग ५(ख) प्रदेश सांसद माननीय जयराम यादव जनता समाजवादी पार्टीको केन्द्रीय सदस्य, हाल प्रदेश नं. १ को स्वास्थ्य मन्त्री, दुई दुई पटक पनि सांसद बन्दा पनि सो विद्यालयको प्रगति हुन नसक्नुको मुख्य जिम्मेवारी लिनु पर्ने हो कि होईन् ? मधेश र मधेशीको नाममा त कहिले मजदुरको नाममा आन्दोलन गर्दा पनि त्यस भुगोलको व्यक्तिहरुको छोरा-छोरीले गुणस्तर शिक्षा हासिल गर्न नपाउने ? किन ति नेताहरुले बिशेष ध्यान दिन सकेन् ? विद्यार्थीको बुवा आमाबाट बिभिन्न नाममा आन्दोलन गर्न लगाउने, छोराछोरीलाई शिक्षाबाट बंचित गराउने किन ?

माथिको तथ्यांकलाई बिश्लेशन गर्ने हो भने यहाँको अवस्था दयनिय र कमजोर रहेको स्पष्ट छ । यस बिद्यालयको भौतिक र शैक्षिक दुवै क्षेत्रलाई तत्काल सुधार गरी मजदुर, गरिव, किसान, सुकुम्बासी हरुको छोरा-छोरीहरुको शिक्षालाई पनि मुल्यांकन गर्नु पर्ने देखिन्छ । बिराटनगर महानगरपालिकाको शिक्षा बिभागले तत्काल ध्यान दिई केही महत्वपुर्ण निर्णय लिनु पर्ने देखिन्छ । साथै वडा जनप्रतिनिधि हरुले बिशेष चासो लिनु पर्ने र शिक्षाको गुणस्तर बढाउनु पर्ने बिषयमा आ-आफनो योगदान गर्नु पर्ने देखिन्छ ।

बिद्यायलयको अवस्था :- श्री जन बिकास माध्यमिक विद्यालय बिराटनगर महानगरपालिका-१५ को बर्तमान अवस्था निकै दयनिय र कमजोर रहेको छ । शिक्षा क्षेत्रमा भएको चौतर्फी बिकासले यस विद्यालयलाई भवन निर्माण बाहेक अरु कुनै अवसर नपारेको स्पष्ट देखिन्छ । बिराटनगरको अन्य सरकारी बिद्यालयमा रहेको भौतिक संरचना, प्रविधि, सुविधा श्री जन बिकास मा.वि.मा परिकल्पना गर्न सकिदैन् । आजभन्दा १० वर्ष पहिला विद्यार्थीको भर्ना संख्या राम्रो उल्लेखनिय रहे पनि अहिले बिभिन्न कारणले बिद्यार्थीको संख्या घटदो क्रममा रहेको छ ।

१) बि.स.२०६७मा +२, व्यवस्थापन र शिक्षा स्वीकृत कक्षा संचालनभएको तर १३ वर्ष बिति सक्दापनि१०+२ शिक्षकको दरबन्दीनदिएको ।

२) शौचालयको अवस्था निकै दयनिय रहेको ।

३) छात्र, छात्रा र शिक्षकशिक्षिका सबै एउटै शैचालय प्रयोग गरिरहेको ।

४) प्र.अ, कर्मचारी, शिक्षकको कोठा एउटा मात्र रहेको ।

५) १०+२ सम्म संचालन रहेको बिद्यालयमा १ थान सम्म पनि कम्पयुटर, प्रिन्टर नरहेको ।

६) कार्यालय संचालनको लागि अति आवश्यक सामग्रीहरु नरहेको ।

७) दिन प्रतिदिन बिद्यार्थीको संख्या घटदै गएको ।

८) कक्षा कोठामा बिजुलीको तार सम्म नगएको ।

**बिगत ५ वर्षको बिद्यार्थीको तथ्यांक**

| वर्ष | कक्षा-१ | कक्षा-२ | कक्षा-३ | कक्षा-४ | कक्षा-५ | कक्षा-६ | कक्षा-७ | कक्षा-८ | कक्षा-९ | कक्षा-१० | बालकक्षा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७५ | १८ | १६ | १८ | २० | २५ | २१ | ३१ | ७० | १३० | ८२ | २५ |
| २०७६ | ११ | १३ | १३ | १५ | १५ | २८ | ५७ | ६३ | ८८ | ९५ | १६ |
| २०७७ | २६ | २४ | १९ | २२ | २५ | ३१ | ५५ | ८३ | ९८ | ७४ | २४ |
| २०७८ | १४ | १९ | १४ | २० | २२ | २६ | २० | ४९ | १२७ | ६८ | १० |
| २०७९ | २४ | ३४ | ३० | २० | २० | २१ | २५ | १७ | ११३ | ७२ | ३८ |

९) अभिभावक संघ अहिले नरहेको र व्यवस्थापन समितिले कुनै भुमिका नगरेको ?

१०) बिद्यार्थीहरुको लागि डेस्क, बेन्च र कार्यालयको लागि फर्निचर आबश्यकता अनुसार नरहेको ।

११) कुनै प्रकारको थप कार्याक्रम हुन नसकेको ।

१३) पुस्तकालय र बिज्ञान प्रयोगशाला नरहेको ।

१४) अहिले पनि कालोपाटीमा नै कक्षा संचालन रहेकोले ह्वाइटवोर्ड को अभाव रहेको ।

१४) बालकक्षा संचालन रह `पनि बालकक्षालाई चाहिने सामग्रीहरुको अभाव रहेको ।

१५) यस विद्यालयको लेखापरिक्षण आ.व. २०७६/०७७, आ.व. २०७७/२०७८ को हुन नसकेको।

१६) छात्रबृति र खाजाको फछौंट नभएको ।

१७) शुन्य व्यालेन्समा विद्यालय संचालन भएको ।

१८) प्राईभेट स्कुलमा अध्यापन गराई रहेको बिद्यार्थीको शुल्क वाँकी रहेको कारण अभिभावकले सरकारी समुदायिक बिद्यालयमा भर्ना गर्न नसकेको अवस्था ।

अवतत्काल गर्नु पर्ने कामहरु :१) +२, व्यवस्थापन र शिक्षाकक्षा संचालन गर्नको लागि कम्तिमा २ जना शिक्षकको तत्काल दरवन्दी दिनु पर्ने । यसको लागि बिराटनगर महानगरपालिकाको वडा नं. १४, १५, १७ र १८ जनप्रतिनिधिहरुले बिशेष चासो लिनु पर्ने । ति वडाका जनप्रतिनिधिहरु, समाजसेवीहरु, प्रदेश सासदहरु, उधोगीको पहल गर्न गराउन नागरिक समाजले मुख्य भुमिका निर्वाह गर्नु पर्ने देखिन्छ ।

२) शौचालय मर्मत गर्नु पर्ने र छात्र, छात्रा र शिक्षक शिक्षिकाको शैचालय अलग-अलग बनाउनु पर्ने ।

३) प्राध्यापक, कर्मचारी/ लेखाशाखा, शिक्षकको कोठा एउटा मात्र रहेकाले तत्काल अलग-अलग बनाउनु पर्ने भएकोले साधन स्रोतको व्यवस्था महानगर शिक्षा विभागले गरी दिनु पर्ने देखिन्छ ।

४) १०+२ सम्म संचालन रहेको बिद्यालयमा १ थान सम्म पनि कम्पयुटर, प्रिन्टर नरहेको हुनाले तत्काल उपलव्ध गराई दिनु पर्ने देखिन्छ ।

५) दिनप्रतिदिन बिद्यार्थीको संख्यामा बृद्धि हुनुको सट्टा घटीरहेको हुनाले यसलाई रोक्न नागरिक समाज र अभिभावक समाजले बिशेष पहल गर्नु पर्ने देखिन्छ ।

वांकी अन्तिम पेजमा...

क्राईम अपरेशन
Crime Operation साप्ताहिक

# महानिरीक्षकबाट १ नम्बर प्रदेश प्रहरी तालिम केन्द्र निरीक्षण

बिराटनगर । राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्ज काठमाण्डौबाट निरीक्षण भ्रमणको क्रममा आउनु भएका प्रहरी अतिरिक्त महानिरीक्षक मुकुन्दराज आचार्यले १ नम्बर प्रदेश प्रहरी तालिम केन्द्र बिराटनगरको निरीक्षण भ्रमण गर्नु भएको छ ।

निरीक्षणको क्रममा वहाँले प्रदेश प्रहरी तालिम केन्द्रको प्रहरी निर्देशनको क्रममा तालिम केन्द्र नै प्रहरी उत्पादनको मुख्य उदगम स्थल भएकोले दक्ष प्रहरी जनशक्ति उत्पादनको लागि समादेशक लगायत प्रशिक्षकहरुले बैज्ञानिक ढंगबाट प्रशिक्षण दिनु पर्ने भन्दै प्रशिक्षार्थीहरु समेतले तालिममा सिकेका ज्ञानहरुको कार्यक्षेत्रमा अक्षरस पालना गर्न समेत निर्देशन दिएका थिए ।



ब्यारेक, मेष, पुस्तकालय, आन्तरीक एवंम बाह्य प्रशिक्षण कक्ष, साथै प्रशिक्षार्थीहरुको व्यक्तिगत टर्नआउट समेतको निरीक्षण गर्नु भएको थियो ।

निरीक्षण कार्यक्रम पश्चात आचार्यले तालिम केन्द्रमा कार्यरत प्रहरी अधिकृत तथा प्रहरी कर्मचारी साथै सम्पूर्ण प्रशिक्षार्थी समेतलाई

सो अवसरमा १ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगरका प्रमुख प्रहरी नायब महानिरीक्षक सुदिप गिरी, १ नम्बर प्रदेश प्रहरी तालिम केन्द्र बिराटनगररका प्रमुख राजेशनाथ बास्तोला, प्रहरी अधिकृत तथा प्रहरी कर्मचारीहरु एवंम तालिमरत प्रशिक्षार्थीहरु समेतको उपस्थिति रहेको थियो ।

# ३८ करोड २१ लाख भन्दा बढीको राजश्व संकलन

बिराटनगर । नेपाल प्रहरीको संगठन प्रमुख प्रहरी महानिरीक्षक र प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक तथा १ नम्वर प्रदेशका १४ वटै जिल्लाका प्रहरी प्रमुखहरु बिच सहकार्य र कार्य सम्पादन सम्झौताको प्रभावकारी कार्यान्वयन हुँदा यस आर्थिक २०७८/०७९ मा ८ हजार ५५ बटा मुद्धा दर्ता भएका छन् भने ३९ करोड २१ लाख भन्दा बढी राजश्व संकलन भएको छ ।

संगठन प्रमुख तथा प्रदेश प्रमुखको निर्देशनलाई पालना गर्दै १ नम्वर प्रदेश भरीमा कार्यारत सम्पूर्ण प्रहरी कार्मचारीहरुले आफ्नो पदिय दायित्व र जिम्मेवारीलाई आत्मसाथ गर्दै समाजमा हुने अपराधिक घटना, फैसला कार्यान्वयन, भन्सार चोरी निकासी, नदिजन्य पदार्थको अबैध दोहन, अबैध काठ चोरी निकासी र ट्राफिक ब्यबस्थापनमा प्रभावकारी रुपमा प्रहरी परिचाल भए अनुरुप उल्लेख्य मात्रामा सफलता हासिल भएको हो ।

यस आर्थिक बर्षमा ८ हजार ५५ वटा बिभिन्न अपराध सम्बन्धि सिर्षकमा मुद्धा दर्ता भई कानुनि कारवाही भएको छ भने ३ हजार १ सय ७७ वटा मुद्दाहरु फर्छौट गरिसकेको छ, फैसला कार्यान्वयन तर्फ बिभिन्न अपराध मा सजाय




तथा जरिवाना फैसला भई फरार रहेका १ हजार ७ सय ३८ जना फरार प्रतिवादी हरुलाई पक्राउ गरी ८ करोड ७ लाख ४७ हजार ६ सय ७५ रुपैयाँ राजश्व संकलन गरेको छ ।

अवैध भन्सार चोरी निकासी गर्ने ७३ जना मानिसलाई पक्राउ गर्नुका साथै ११ करोड ७४ लाख ४६ हजार ९२९ रुपैयाँ राजश्व संकलन गरेको छ भने नदिजन्य पदार्थको अवैध रुपमा दोहन गर्ने ३७ जना मानिस र ६४५ वटा नदिजन्य पदार्थ उत्खनन गर्ने र ओसार पसार गर्ने सवारी साधनलाई पक्राउ गर्नुका साथै ३३ लाख ३१ हजार ५ सय राजश्व संकलन भएको छ ।

अबैध काठ चोरी निकासीमा संलग्न ४७ जना मानिस पक्राउ गर्नुका साथै ४ हजार ६ सय ४८ क्यू.फिट. काठ बरामद गरी १ करोड ४ लाख ३३ हजार ५ सय ३७ रुपैया राजश्व संकलन गरेको छ ।

ट्राफिक ब्यबस्थापन तर्फ यस आर्थिकमा ट्राफिक नियम उलंघन गर्ने २ लाख ६९ हजार ८ सय २३ वटा सवारी साधनहरुलाई कारवाही गरी १८ करोड १ लाख ५९ हजार राजश्व संकलन भएको छ भने लागूऔषध नियन्त्रण तर्फ गाँजा २ हजार २१ किलोग्राम ९०२ ग्राम, चरेश २३ ग्राम ९१७ मिलिग्राम, ब्राउन सुगर २ किलोग्राम ४५ मिलिग्राम, बिभिन्न मनोद्धिपक क्याप्सलु ३१ हजार ९ सय ७०, मनोद्धिपक एम्पुल १० हजार २ सय ६५ र मनोद्धिपक औषधीहरु ७ सय ६९ क्याप्सुल बरामद गरिएको र ४ हजार ८ सय २१ रोपनी क्षेत्रफलमा लगाएको ८ लाख १२ हजार ५ सय १५ बोट गाँजा नष्ट गरिएको छ ।

प्रहरी कार्य तर्फ उत्कृष्ट कार्य गर्ने १ हजार ८ सय ६४ जना प्रहरी कर्मचारीहरुलाई पुरस्कृत गरिएको छ भने प्रहरी आचरण बिपरित कार्य गर्ने ४ सय २८ जना प्रहरी कर्मचारीहरुलाई बिभागिय कार्वाही गरिएको १ नम्बर प्रदेश प्रहरी कार्यालयले जनाएका छ ।

## हार्दिक अनुरोध

- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौ ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रूख विरूवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थलमा फोहर नफालौ । गाउँलाई सफा राखौ ।
- महिला हिंसा अन्त्यका लाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरूलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

जहदा गाउँपालिकाको कार्यालय मझारे, मोरंग, प्रदेश १

# प्रदेश १ को नामाकरण श्रावण १५ पछि शुरु हुने



विराटनगर । प्रदेश नं. १ का मुख्यमन्त्री राजेन्द्रकुमार राईले प्रदेशको नामकरण प्रक्रिया साउनको १५ गतेबाट सुरु हुने सम्भावना रहेको बताउनुभएको छ ।

साउन ८ गतेबाट प्रदेश सभा बैठक सुरु भई त्यसको एक हप्तापछि नामकरणको प्रक्रिया सुरु हुने सम्भावना आफूले देखेको उहाँले उल्लेख गर्नुभएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय विराटनगरमा आज आयोजित सुरक्षा प्रमुखहरूको बैठकलाई सम्बोधन गर्ने क्रममा मुख्यमन्त्री राईले नामकरणका बेला हुन सक्ने सुरक्षा चुनौतीका बारे सजग रहन पनि आग्रह गर्नुभयो । प्रदेश नामकरणका लागि प्रदेश सभाका सभामुखले साउन ६ गते बोलाएको सर्वदलीय बैठकबाट एउटा खाका आउनसक्ने उहाँले उल्लेख गर्नुभएको छ ।

'साउन ६ गते सभामुखले सर्वदलीय बैठक आह्वान गर्नुभएको थियो । मुख्यमन्त्री राईले भन्नुभयो, 'मलाई लाग्छ त्यो बैठकबाट मोटामोटी एउटा चित्र बन्ला ।' उहाँले उक्त सर्वदलीय बैठकपछि साउन ८ गतेबाट प्रदेश सभाको बैठक सुरु हुने र साउन १५ गतेको आसपासमा नामकरणको प्रक्रिया सुरु हुने कुरालाई दोहोऱ्याउनुभयो । उहाँले प्रदेशको नामकरण गर्ने विषय र जिम्मेवारी प्रदेश सभाको भएको उल्लेख गर्दै सरकारले यसमा सहजीकरणमात्रै गर्ने बताउनु भयो ।

त्यसैबीच मुख्यमन्त्री राईले कोरोना संक्रमण बढ्दै जान थालेकोमा चिन्ता व्यक्त गर्दै यसको नियन्त्रणका उपाय अपनाउनेतर्फको रणनीति बनाउन निर्देशन पनि दिनुभएको छ । उहाँले जुनसुकै प्रकारका सुरक्षा चुनौती सामना गर्नेगरी तयारी अवस्थामा रहन सुरक्षा प्रमुखहरूलाई निर्देशन दिनुभयो ।

बैठकमा प्रदेश सरकारका मन्त्रीहरू, प्रमुख सचिव, सचिवहरू, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धानका प्रदेश प्रमुखसहित नेपाली सेना भैरव गणका गणपति, मोरङ र सुनसरीका प्रमुख जिल्ला अधिकारीहरूको सहभागिता रहेको थियो ।

## कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

अन्तरिक राजश्व कार्यालय विराटनगर

यो धुम्रपानको आदत सजिलो तरीकाले कहाँ छुट छ,
पहिले सिग्रेट हामी फुक्छौ, फेरी सिग्रेट हामीलाई फुकि हाल्छ ।

## तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर

बिरामीहरूको लागि खुशीको खबर !!

ल्याब जाचमा ५०% सम्मको छुट

सम्पर्क नं. ९८४१३४८६४७
९८१३२५४४७५

1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...

नि:शुल्क सुगर जाँच

यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।
समय: विहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म ।

# झापा प्रहरी कार्यालय झापाको निरीक्षण भ्रमण सम्पन्न

बिराटनगर। १ नम्बर प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक सुदिप गिरीले शुक्रवार जिल्ला प्रहरी कार्यालय झापाको निरीक्षण भ्रमण गर्नु भएको छ।

निरीक्षण भ्रमणको क्रममा कार्यालय तथा सम्पुर्ण शाखाहरु समेतको निरीक्षण गर्नु भई कार्यरत प्रहरी अधिकृत तथा जवानहरुलाई निर्देशन दिनु भएको थियो। निर्देशनको क्रममा वहाँले खुल्ला सिमानाको कारण हुने बिभिन्न अपराधिक गतिविधि, चोरी तस्करीका घटनाहरुलाई नियन्त्रण गर्न सिमा क्षेत्रहरुमा कडाईका साथ अहोरात्र



प्रहरी परिचालन गर्न र भारतिय काउण्टर पार्टस संग समेत समन्वय गरी सुरक्षा ब्यवस्थालाई मजवुद बनाउन निर्देशन दिएका थिए।

जंगली जनावरको आक्रमणबाट बर्षेनि धेरै जनधनको क्षेति हुने गरेकोले यसको नियन्त्रणको लागि स्थानिय सरकार तथा अन्य सुरक्षा निकाय संग समन्वय गरी नागरिकको जीउ धनको सुरक्षा गर्न र नैतिकता र अनुशासित भई सार्वजनिक सम्पत्तिको रक्षा गर्दै आम सेवाग्राहीसँग समान व्यवहार गरी प्रहरी संठन र कार्यालयको गरिमा बढाउने कार्य गर्न समेत निर्देशन दिएका थिए।

प्रहरी ऐन तथा नियमावली मा भएका व्यवस्थालाई अक्षरस पालना गरी प्रहरी आचरण र ब्यवहारमा सुधार ल्याई सामाजिक सञ्जालको सही सदुपयोग गरी प्रयोग गर्न र सवारी दुर्घटना न्युनिकरण, आत्महत्या तथा लागुऔषधको प्रयोग र ओसार पसार नियन्त्रण गर्नको लागि बिभिन्न जनचेतना मुलक कार्यक्रमहरु संचालन गर्न र नियन्त्रणको लागि कडाईका साथ चेक जाँचको ब्यवस्था मिलाउन भनेको थियाे।




# जनप्रतिनिधिमा निर्वाचित चारजना पत्रकारलाई महासंघद्धारा सम्मान सहित विदाई



बिर्तामोड। नेपाल पत्रकार महासंघ झापा शाखाले विभिन्न पालिकाको जनप्रतिनिधिमा निर्वाचित चार जना पूर्व पत्रकारलाई सम्मान गरेको छ।

शनिबार बिर्तामोडमा महासंघ झापाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा आयोजित समारोहमा प्रमुख अतिथि बिर्तामोड नगर पालिकाका उपप्रमुख नगेन्द्र प्रसाद संग्रौलाले पूर्व पत्रकार जनप्रतिनिधिलाई सम्मान गरेका हुन्।

पत्रकार महासंघ झापाको कार्यसमिति सदस्य रहेका अनिल वाग्ले तथा साधारण सदस्यहरु अग्निप्रसाद कोइराला, सुशन राई र उमेश राउतलाई सम्मानपत्र, खादा र माला पहिर्याएर सम्मान गरिएको हो। वाग्ले बुद्धशान्ति गाउँपालिका वडा नं. १ को वडाध्यक्ष, कोइराला कमल गाउँपालिका वडा नं. ३ को वडाध्यक्ष, राई माङ्सेबुङ गाउँपालिका इलामको कार्यपालिका सदस्य र राउत बिर्तामोड वडा नं. ४ को वडासदस्यमा निर्वाचित भएका हुन्।

महासंघ झापाले पत्रकारिता क्षेत्रका हालसम्म पुर्याएको योगदानको कदरसहित सम्मान र जनप्रतिनिधिको रुपमा निर्वाचित भएकोमा बधाई तथा कार्यकाय सफलताको शुभकामना व्यक्त गरेको छ। महासंघले सम्मानसहित उनीहरुलाई सक्रिय पत्रकारिता बाट विदाइ समेत गरेको छ।

महासंघ झापाका उपाध्यक्ष केशव भट्टराईले स्वागत गरेको कार्यक्रमको सञ्चालन सचिव डिकेश लामाले गरेका थिए भने सम्मानपत्रको वाचन सहसचिव अर्जुन राजवंशीले गरेका थिए।

कार्यक्रममा बोल्दै पूर्व पत्रकार जनप्रतिनिधिहरुले सञ्चारमैत्री पालिका र वडा बनाउँदै महासंघसँग सहकार्य गर्ने प्रतिबद्धता जनाएका थिए।

प्रमुख अतिथि बिर्तामोडका उपप्रमुख संग्रौलाले प्रश्न गर्ने पत्रकारको भूमिकाबाट जवाफ दिने जनप्रतिनिधिको भूमिकामा निर्वाचित हुने चारै जनालाई जनताप्रति जिम्मेवार बन्न सुझाव दिएका छन्। संग्रौलाले जनप्रतिनिधिको जीवनशैली सादगी, कार्यशैली पारदर्शी र घुस नखाने हुनुपर्नेमा जोड दिए। उनले जनताका साना-साना समस्यालाई पनि उत्तिकै प्राथमिकता दिएर जनप्रतिनिधिले स्थानीय सरकार हरेक नागरिकको अभिभावक भएको अनुभूति दिलाउनुपर्ने बताए। उनले बिर्तामोडको मुख्य समस्या फोहोर व्यवस्थापन, डुबान, सार्वजनिक शौचालय लगायत का दिगो समाधानमा नगरले काम गरिरहेको जानकारी गराए।

# झण्डै ढुई किलोग्राम यूरेनियम जस्तो देखिने पदार्थ सहित पन्द्रह जना पक्राउ

विराटनगर। बिराटनगर महानगर पालिकाको दुई छुट्टाछुट्टै स्थानबाट झण्डै २ किलोग्राम युरेनियम जस्तो देखिने पदार्थ सहित १५ जनालाई जिल्ला प्रहरी कार्यालय मोरङले पक्राउ गरी बुधवार सार्वजानिक गरेका छन।



युरेनियम जस्तो पदार्थ लिई बिराटनगरको ठुल्दाई होटलमा केही ब्यक्तिहरु बसेको भन्ने गोप्य सूचनाको आधारमा खटिएको प्रहरी टोलीले धनपालथान गाउँपालिका ७ का ४१ बर्षीय शिव शंकर पासवान, धनपालथान गाउँपालिका-४ का ३७ बर्षीय मुकेश कुमार साह, धनपालथान गाउँपालिका-७ का ४३ बर्षीय प्रदिप पुरी, कटहरी गाउँपालिका-२ का ४० बर्षीय दिलिप कुमार शर्मा रहेका छन।

त्यसैगरी बिराटनगर-१२ का ४६ बर्षीय फटिक कुमार कार्की, माप्यदुधकोशी गाउँपालिका-७ सोलुखुम्बुका ३५ बर्षीय गोपाल मगर, हलेसी नगरपालिका-९ खोटाङका ३२ बर्षीय किरन राई र धनपालथान गाउँपालिका-७ का ४४ बर्षीय लक्ष्मण शर्मालाई १ किलोग्राम युरेनियम जस्तो देखिने पदार्थ सहित पक्राउ गरेको हो।

बिराटनगरकै दुधफारममा समेत केही ब्यक्तिहरु रहेको भन्ने सूचनाका आधारमा उक्त स्थानमा खटिएको प्रहरी टोलीले उक्त स्थानबाट ९७८.६ किलोग्राम युरेनियम जस्तो देखिने पदार्थ सहित ७ जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेहरुमा गण्डकी गाउँपालिका-८ गोरखाका ४५ बर्षीय जिवन गुरुङ, मङहा नगरपालिका-६ महोत्तरीका, ४२ बर्षीय अब्दुल गनी खान, बर्दिवास नगरपालिका-१२ महोत्तरीका ३० बर्षीय चन्दन कुमार महतो, ग्रामथान गाउँपालिका-३ मोरङका ५५ बर्षीय रबिन्द्र गच्छदार, बागमती गाउँपालिका-५ मकवानपुरका ३६ बर्षीय दिपक कुमार भ्लोन, मनराषिशवा नगरपालिका-३ महोत्तरीका ४९ बर्षीय उमेश प्रसाद यादव र कमलामाई नरगपालिका-५ सिन्धुलीका २८ बर्षीय श्याम घिमिरे रहेका छन्।

पक्राउ परेका उनीहरुको सम्बन्धमा थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।

## हार्दिक अनुरोध

- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौ।
- बालश्रमको प्रयोग नगरौं।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं।
- धर्म, संस्कृतिको संरक्षण गरौं।
- सार्वजनिक स्थलमा फोहर नफालौ। गाउँलाई सफा राखौ।
- महिला हिंसा अन्त्यका लाग आ-आफ्नो ठाउँबाट काम गरौ।
- जेष्ठ नागरिकिहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं।

धनपालथान गाउँपालिकाको कार्यालय, कर्सिया
मोरंग, प्रदेश १

## सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो। यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ। सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं।

सडक डिभिजन कार्यालय
विराटनगर प्रदेश नं. १

